" कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन र सञ्चार समुन्नत तिलागुफाको लागि सबल स्थानीय सरकार "

# तिलागुफा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गाल्जे, कालीकोट

कर्णाली प्रदेश,नेपाल

पत्र संख्या : २०७९।०८०
चलानी नं. : १५६०

मिति : २०८०।०३।०१

श्री भुक्तानीसँग सरोकारवाला सबै,

विषय : भुक्तानी तथा खाता बन्दि सम्वन्धमा सूचना।

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम १ बमोजिम फ्रिज नहुने भनी तोकेको शिर्षकको रकम तथा नियम ३० को उपनियम २ ले तोकेको फ्रिज हुने लगायत यस कार्यालयबाट भुक्तानी हुने सबै प्रकारको खर्च आर्थिक वर्ष सम्पन्न हुनु भन्दा कम्तिमा ७ दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अध्यावधिक गरी खाता बन्दी गर्नुपर्ने भएकोले यस कार्यालयबाट आर्थिक प्रशासनसँग सम्बन्धित विषयमा सेवा लिने विषयगत शाखा,उपशाखा, वडा कार्यालय, उपभोक्ता समिति, निर्माण व्यवसायी , फर्म सप्लायर्स लगायत सरोकारवाला सबैले चालु तर्फको कार्यक्रम तर्फ असार १० गते सम्म भुक्तानी लिईसक्नु पर्ने र सोको लागि आषाढ ७ गते भित्र कागजात पेश गरी भरपाई समेत लिनहुन र पूँजीगत योजनाहरुको आषाढ १५ गते भित्र भुक्तानी लिईसक्नुपर्ने र सोको लागि आर्थिक प्रशासन शाखामा आषाढ १० गतेभित्र कागजात पेश गरी भरपाई समेत लिनहुन र सो पछि भुक्तानीका लागि कागजात पेश भएमा उक्त कागजात उपर कुनै कारवाही नहुने र भुक्तानी माग गर्ने पक्ष स्वयम जिम्मेवारी हुनुपर्ने व्यहोरा समेत अनुरोध छ ।

नोट ठेक्का सम्झौता असार २० सम्म म्याद थप भएका योजनाहरुको हकमा सोही दिन कार्यालय समयभित्र आर्थिक प्रशासन शाखामामा फाइल पुग्ने गरी कार्यसम्पादन गर्नुहुन ।

..........................
देवकिरण बुढा
(लेखा अधिकृत)

..........................
(लाल बहादुर मल्ल)
प्रमुख प्रशासकीय अधिकृत

लाल बहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत

सादर अवगतार्थ

श्री नगर प्रमुख ज्यु, तिलागुफा नगरपालिका,गाल्जे कालीकोट ।
श्री नगर उप प्रमुख ज्यु, तिलागुफा नगरपालिका,गाल्जे कालीकोट ।